# हनुमाननगर कङ्कालिनी नगरपालिका, सप्तरी
# विपद  पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०

हनुमाननगर कंकालिनी नगरपालिका तथा युनिसेफ नेपालद्वारा तयार गरिएको

## पृष्ठभूमि: जनसांख्यिकी पृष्ठभूमि

२०२१ को जनगणना अनुसार नेपालमा प्रतिवर्ष ०.९३% जनसङ्ख्या वृद्धि दर छ भने करिब २९,१९२,४८० जनसंख्या रहेको छ। नेपाल जनसंख्याको हिसावले ४१औं, भू-भागको हिसाबले ९३औं ठूलो देश र अर्थतन्त्रको हिसावले विश्वको १०२ औं ठूलो हो (UN तथ्याङ्क विभाग २०१७)। यसमा विभिन्न जातजाति, रीतिरिवाज, धर्मसंस्कृति र भाषाको विविधता छ। यसको अर्थ नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय समाज हो।

## जलवायु

मुख्यतया भौगोलिक वनावट, विभिन्न भेगको उचाइको अवस्था अनुसार नेपालका विभिन्न स्थानहरुको छोटो दुरीमा पनि जलवायुको अवस्था फरक फरक पाइन्छ। यसका अलवा विविध हावापानीको कारणले गर्दा जिवजन्तुको वासस्थान, वनस्पतिमा समेत विविधता प्रदान गरेको छ। नेपालमा औसत बार्षिक बर्षा लगभग १६०० मलिमिटर सम्म हुने गरेको छ अर्थात अन्नपुर्ण हिमालको दक्षिणी मोहोडातिर ४००० मिलिमिटर भन्दा पनि बढी पानी पर्दछ भने तिव्वतीयन पठार क्षेत्रका मोहोडाहरुमा २५० मिलिमिटर भन्दा पनि कम पानी पर्ने गरेको छ। यसको लगभग ८० प्रतिशत पानी जुन देखी सेप्टेम्बर महिनाको बीचमा बर्षे बर्षाको रुपमा पर्ने गरेको पाइन्छ। नेपालको पश्चिमी भेगको तुलनामा पूर्वी भेगमा धेरै बर्षा हुने गरेको छ भने पश्चिमी भेगमा अचानक अनि भारी बर्षा हुने अनुभव गरिएको छ।

नेपाललाई धरातलिय उचाइ र हावापानीको स्वरुप अनुसार पाँच भागमा विभक्त गरिएको छ जुन उपोष्ण हावापानी वा उष्ण मनसुनी हावापानी देखी टुण्ड्रा हावापानी सम्मको अवस्थामा रहेको छ। १२०० मिटर वा सो भन्दा कम उचाइमा उपोष्ण वा उष्ण हावापानी पाइन्छ, १२०० देखी २४०० मिटर उचाइको भूभागमा न्यानो समशितोष्ण वा उष्ण प्रदेशिय हावापानी पाइन्छ। २४०० देखी ३६०० मिटरको उचाइमा शितोष्ण हावापानी तथा ठण्डा समशितोष्ण हावापानी पाइन्छ। ३६०० देखी ४४०० मिटर उचाइमा लेकाली हावापानी पाइन्छ भने ४४०० मिटर भन्दा माथिको उचाइ भएको क्षेत्रमा टुण्ड्र किसिमको हावापानी पाइन्छ। नेपालमा प्रमुख रुपले ४ वटा प्रमुख ऋतुहरु छन् जसमध्ये डिसेम्बर देखी फेब्रुवरीसम्म हिउँद, मार्च देखी मे सम्म वसन्त, जुन देखी अगष्टसम्म बर्षा र सेप्टेम्बर देखी नोभेम्बरसम्म शरद ऋतुहरु पर्दछन्। तराई र चुरे पहाडी भूभागमा उप-उष्ण प्रदेशिय जलवायु छ भने उत्तरी पहाडी भुभागमा चिसो तथा सुख्खा खालको हावापानी वा मौसम पाइन्छ।

ग्रीष्म र वसन्तको अन्त्यतिरको तामपान पहाडी भेगमा लगभग २८ डिग्री सेल्सीयस देखी तराइमा ४० डिग्री सेल्सीयससम्म हुन्छ। जाडोमा तराइको औसत र न्यूनतम तापमान ७ डिग्रीसेल्सीयस देखी २३ डिग्री सेल्सीयससम्म हुन्छ। मध्य उपत्यकामा न्यूनतम तामक्रम चिसो विन्दु भन्दा पनि तल झर्ने अनुभव छ भने उच्च पहाडी भेगहरुमा चिसोपन अझ अधिक हुने गर्दछ।

नगरपालिकाभित्र मुख्यतया तराईमूलका जातजातीहरुको बसोबास रहेको छ भने मुख्य कामकाजी भाषा नेपाली तथा बोलीचालीको भाषा प्रमुख रुपमा मैथिली रहेको छ । हिन्दु धर्मालम्बीहरुको बाहुल्यता रहेको यस नगरपालिकामा इस्लाम धर्मावलम्बीहरुको समेत उल्लेख्य बसोबास रहेको छ । नगरपालिका क्षेत्रमा मनाईने प्रमुख चाडपर्वहरुमा दशैं, पुषे मेला, सिरुवा, साम चकेवा, दिपावली, छठ, होली, जितिया रहेको छ । मुस्लिम समुदायमा भने ईद, बकर ईद, रमदान आदि पर्व मनाइन्छ । यी चाडपर्वहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काएका छन् । भेषभुषाका रूपमा पुरुषहरुले मुख्य रूपमा सुरवाल, धोती कुर्ता वा सर्ट पाइन्ट र महिलाले लेहेङ्गा चोली, कुर्ता सलवार, सर्ट पाइन्ट आदि लगाउने गर्दछन् । यस नगरपालिकामा हनुमान मन्दिर, कङ्कालिनी मन्दिर, योगिनीमाई मन्दिर, जस्ता महत्वपूर्ण सांस्कृतिक सम्पदाहरु रहेका छन् ।

## १.२ योजनाको पृष्ठभूमि :

नेपाल बाढी, भूकम्प, आगलागी, शीतलहर, हिमताल बिस्फोट तथा हिम पहिरो जस्ता प्रकोपका घटनाहरुबाट उच्च सङ्कटासन्न अवस्थामा रहेको छ । यसका अतिरिक्त मुलुक बर्डफ्लु, महामारी, चट्याङ्ग आदिको जोखिममा समेत रहेको छ । यस्ता प्राकृतिक तथा गैर प्राकृतिक घटनाका कारणहरुबाट नेपालले वर्षेनी ठूलो धनजनको क्षति व्यहोर्नु परेको छ । वर्षेनी हुने ठूलो धनजनको क्षतिलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न नेपाल सरकारले विपद् व्यवस्थापन सम्बन्धी रणनीति, मापदण्ड, मार्गदर्शन, निर्देशिकाहरु स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ ।

मधेश प्रदेश बहुप्रकोप प्रभावित प्रदेश हो । यस प्रदेशमा प्रत्येक वर्ष कुनै न कुनै प्रकोपको घटनाहरु हुने गर्दछ । यहाँ बाढी, डुबान, कटान र पटान जस्ता प्रकोपबाट वर्षेनी हजारौ हेक्टर जमिन बगरमा परिणत हुँदै आएको छ भने हजारौ बिघा जमिन कटान हुने गरेको छ । हरेक वर्ष चुरे क्षेत्रबाट बग्ने माटो, गेग्रानले नदी तथा खोलाको पिंध माथि उठ्दै आएको छ । जसको फलस्वरुप नदीको सतह बढ्न गई वर्षातको समयमा खोला तथा नदीको पानी बस्तीभित्र पसेर डुबान हुने गरेको छ । यसै प्रदेशको सप्तरी जिल्लाका १८ स्थानीय तहहरु मध्ये हनुमाननगर कङ्कालिनी नगरपालिका पनि एक हो र यो पालिका पनि बाढीबाट हुने विपद् जोखिमबाट अछुतो रहन सकेको छैन । यस नगरपालिकालाई पूर्व सीमाक्षेत्रबाट नेपालका ३ ठूला नदीहरु मध्ये एक सप्तकोशी नदीले छोएको छ र भित्री भागमा .... आदि खहरे खोलाहरु बगेको छ । यहाँको भूबनावट खोला नदीको सहतभन्दा तल रहेको हुँदा सामान्य वर्षाको समयमा पनि करिब सबै वडाहरु जलमग्न हुने गरेको छ । यस नगरपालिकामा बसोवास योग्य क्षेत्र सहितको उर्वर खेतियोग्य जमिन ६१.०५ वर्ग कि.मि. (५१.६५ प्रतिशत) रहेको छ । सामान्यतया: यस क्षेत्रमा बगर र बलौटे खालको माटो ठूलो मात्रमा (२६ प्रतिशत) रहेको छ भने वडा नं. १३ कोशीको बिचमा टापु भएर रहेको छ । यहि कारणले यहाँको करिब २१ प्रतिशत क्षेत्रफलमा पानीले ढाकेको देखिन्छ ।

देशमा संघियता लागू भए पश्चात आमसर्वसाधारण जनताको अति नजिकको सरकारको रुपमा स्थानीय सरकारहरुले कार्य गर्दै आएका छन् । नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मधेश प्रदेश सरकारबाट जारी विपद् व्यवस्थापन ऐन, २०७५ आदि सबैले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय सरकारलाई सम्पूर्ण जिम्मेबारीहरु प्रदान गरेको छ । त्यसैले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरु सञ्चालन गर्नुका साथै जलवायु परिवर्तन अनुकूलनलाई समेत मूलप्रवाहीकरण गर्नका लागि स्थानीय तहको अहम् भूमिका रहेको छ । अझ प्रत्येक वर्ष सामना गर्नुपर्ने बाढीजन्य विपद् जोखिमको प्रभावलाई न्यूनीकरण गरी जनधनको क्षतिलाई वार्षिक रुपमा कमी गर्दै लैजानका लागि स्थानीय सरकारले बाढी पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यन्वयन गर्नु अति आवश्यक भैसकेको छ । यसका लागि स्थानीय तहका

जनप्रतिनिधि तथा कर्मचारी एवम् सरोकारवालाहरुले बाढीजन्य विपद् जोखिम न्यूनीकरणका हरेक चरणमा गरिने कार्यहरुबारेमा सबैको बुझाईमा एकरुपता हुन आवश्यक छ ।

हामीलाई थाहा छ कि प्रकोपलाई रोक्न सकिदैन तर क्षमताहरुमा वृद्धि गर्दै सङ्कटासन्नता र सम्मुखतामा कमी ल्याई सम्भाव्य विपद्को असरलाई न्यूनीकरण गर्दै विपद्को पूर्ण रोकथाम गर्न सक्छौ । यसका लागि विगत वर्षहरुमा भए गरेका बाढीजन्य विपद्का जोखिमबाट प्रभावित हुन गएका जनसमुदाय, भौतिक क्षति तथा सोका लागि पालिकाले सञ्चालन गरेका सम्बोधनका कार्यहरुबाट भए गरेका सिकाइहरुलाई आत्मसात गर्दै आगामी वर्षहरुमा बाढीजन्य विपद्बाट हुनसक्ने क्षतिको आँकलन गरी जनधनको क्षतिलाई वार्षिक रुपमा न्यूनीकरण गर्न बाढी पूर्वतयारी तथा प्रतिकार्य योजनाले ठूलो सहायता प्रदान गर्दछ । बाढीको कारणले गर्दा बालबालिकाको पढाई अवरुद्ध हुने, महिला हिंसाका घटनाहरुमा पनि वृद्धि हुने, महिला तथा बालबालिकामा मनोसामाजिक समस्या उत्पन्न हुने, समुदायमा रहेका गरीब घर परिवार, पाँच वर्षमुनिका बालबालिका, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई असहज परिस्थिति आउन सक्ने सम्भावना जहिले पनि रहिरहन्छ । साथै श्रम गरेर जिविका चलाउने परिवारहरुमा रोजगारी नहुँदा खाद्य समस्या उत्पन्न हुने र बालबालिका, गर्भवती र सुत्केरी महिलाहरुमा कुपोषणको समस्या सृजना हुने सम्भावना प्रवल रहन्छ । यी सबै परिस्थितिहरुको रोकथाम तथा सम्बोधनका लागि हनुमाननगर कङ्कालिनी नगरपालिकाले स्थानीय विपद् तथा जलवायू उत्थानशील र विपद् पूर्वतयारी र प्रतिकार्य योजनालाई सहयोग पुऱ्याउने उद्देश्यले बाढी पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरेको छ । यो योजना विस्तृत बनाउनेभन्दा पनि छोटो र कार्यान्वयन गर्न सकिने उद्देश्यले तयार गरिएको छ ।

## २. योजनाको उद्देश्य

- बाढीजन्य विपद् जोखिमसँग सम्बन्धित सूचना/तथ्याङ्कको आधारमा सम्भावित जोखिम आँकलन गर्ने ।
- बाढीजन्य विपद् जोखिम आँकलनको आधारमा विपद्बाट प्रभावित हुन सक्ने जनसङ्ख्याको पूर्वानुमान गर्ने ।
- बाढीजन्य विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत क्षेत्रहरुको बाढी पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकृत गर्ने ।
- बाढीजन्य विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका सम्पूण क्रियाकलापहरुमा थप प्रभावकारिता ल्याई मानवीय, आर्थिक र भौतिक क्षतिमा वार्षिक रुपमा न्यूनीकरण गर्दै जाने ।

## ३. बाढी विपद् जोखिमको अवस्था/भावी परिदृश्य

### ३.१ विगतका बाढीजन्य विपद्हरुको विश्लेषण

वर्षाको समयमा हनुमाननगर कंकालिनी नगरपालिकाको पूर्वमा रहेको कोशी नदी तथा पालिकाको विभिन्न वडाहरु भई बग्ने मौसमी खोलाहरुमा आउने बाढीको पानी पालिकाभित्र आउने गरेको छ । जनकपुरधाम उपमहानगरपालिका सहितका अन्य छिमेकी पालिकाहरुबाट निकासा भै जाने पानी समेत यसै पालिकामा जम्ने गरेको छ । साथै पालिकाको दक्षिणतर्फ छिमेकी राष्ट्र भारतले उचाइँ सहित निर्माण गरेको सडकले बाँधको काम गरेको र आन्तरिक रुपमा निर्माण भएका सडक बाटोहरुले समेत वर्षाको पानीलाई सहजै निकास हुन नदिएको, अधिकांश घरहरु पानीले नडुब्ने गरी केही फिट माथि उठाएर नबनाइएको, वृद्धि भैरहेको शहरीकरणलाई व्यवस्थित गर्न नसक्नु, पानी निकासको उचित ढल व्यवस्थापनको अभाव रहेको तथा अधिकांश घरहरुको कमजोर संरचना

भएको जस्ता कारणहरुले हनुमाननगर कंकालिनी नगरपालिकालाई वर्षेनी बाढी जन्य विपद्को उच्च जोखिममा राखेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकामा हरेक वर्ष साना ठूला बाढीजन्य विपद् आई नै रहन्छ । विगत वर्षहरुको ऐतिहासिक घटनाक्रमहरुलाई केलाउँदा पछिल्लो पटक वि.सं. २०७५ मा सबैभन्दा ठूलो बाढीजन्य विपद्को सामना गर्नुपरेको थियो । सो वर्षको बाढी सबै १४ वटै वडाहरुमा पसेको र बाढीबाट प्रभावित जम्मा ४२०० घरधुरीलाई राहत बापत रु. २५००० का दरले सहयोग प्रदान गरिएको थियो । यी घरधुरीहरु मध्ये करिब ७५ प्रतिशत घरधुरी पूर्ण रुपमा क्षति भएका थिए । नगरका मुख्य सडकहरुमा समेत बाढीले नराम्रोसँग क्षति पुगाएको थियो । सो वर्षको बाढीबाट ३३ जना मानिसहरु घाइते भएका थिए भने करिब २० करोड बराबरको क्षति भएको थियो ।

## ३.२ वर्षा : बाढीजन्य विपद् जोखिमको अवस्था

यस वर्षको वर्षायाम जेष्ठको १८ गतेबाट प्रारम्भ हुने र असोजको १४ गतेसम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ । यो ४ महिनाको वर्षायामको अवधीमा नेपालका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने पूर्वानुमान गरिएको छ । मधेश प्रदेश बाहेक अन्य प्रदेशका अधिकांश स्थानहरुमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ भने प्रदेश १ का उत्तरी भूभाग, बागमती प्रदेशका दक्षिणी भूभाग र मधेश प्रदेशका अधिकांश भूभागहरुमा सरदर वर्षा हुने ३५ देखि ४५ प्रतिशत सम्भावना रहेको छ । मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ ले प्रक्षेपण गरेको प्रभावित हुनसक्ने जनसङ्ख्याको प्रदेशगत विवरणका आधारमा हनुमान कंकालिनी नगरपालिकामा यस वर्ष वर्षाको कारणबाट प्रभावित हुनसक्ने जनसङ्ख्या ३,४७६ र घरधुरी ८२५ हुन आउँछ । यसै गरी यस बाढी पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका क्रममा वडा अध्यक्ष लगायत नगरपालिकाका सरोकारवालाहरुसँग बाढी तथा डुबानले प्रभावित क्षेत्र र जनसमुदाय सम्बन्धी लेखाजोखा गर्ने क्रममा यस वर्ष करिब ७२०२ घरधुरीका २८,४०९ जनसंख्या प्रभावित हुने देखिन्छ, जसमा करिब ७,७९० जना बालबालिका रहने छन् । त्यस्तै नगरका करिब ३८ विद्यालय र २४५६ खानेपानीका स्रोत (चापाकल) हरुमा क्षति पुग्ने अनुमान गरिएको छ ।

विगत वर्षहरुमा जस्तै यस वर्ष पनि खोला तथा नदी तट्टीय क्षेत्रमा बसोबास गर्ने घरपरिवारहरु, महिला (गर्भवती तथा सुत्केरी), बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु बढी मात्रामा प्रभावित हुनेछन् । भारी वर्षा भई पानी जम्ने होचो स्थानमा रहेका तथा कमजोर संरचनाबाट निर्मित घर, भवन, सार्वजनिक सम्पत्तिहरु पनि प्रभावित हुने समूहमा पर्दछन् । बाढीका कारण आवतजावत गर्ने बाटोहरुमा समस्या आउने तथा विद्यालयहरु बन्द हुन गई बालबालिकाको नियमित पठनपाठनमा अवरोध आउन सक्नेछ भने नियमित स्वास्थ्य उपचार तथा परामर्श लिनबाट सेवाग्राहीहरु वञ्चित हुन पुग्नेछन् । यसका अलवा वर्षायाममा पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण मानिसले ज्यान गुमाउन सक्छन् । झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट विशेष गरी बालबालिकाको स्वास्थ्यमा गम्भीर समस्या निम्त्याउन सक्नेछ । वर्षायामको समयमा डेङ्गु, कालाज्वर तथा सर्पदंशका कारण ज्यान जाने सम्भावना उच्च रहन्छ । जनचेतनाको अभाव र खानेपानीको स्रोतमा बाढी पसी प्रदुषित हुँदा विभिन्न रोगहरु लाग्न सक्छ । पछिल्लो वर्षहरुमा चट्याङका कारण पनि मानवीय, आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । मधेश प्रदेशमा बाढीपछि बढी मानवीय क्षति चट्याङका कारण हुने गरेको छ । यस वर्ष कोभिडको चौथो लहर पनि वर्षायामबाटै सुरु भएको र भाद्र महिनाको मध्यसम्ममा उच्च बिन्दुमा पुग्ने प्रक्षेपण गरिएकाले बाढीसँगै कोभिडको संक्रमण दर पनि बढ्न सक्ने देखिन्छ ।

### ३.३ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावको रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिऊज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ जारी गरिएको छ । उक्त ऐनमा स्थानीय विपद् व्यवस्थापन समितिको गठन एवम् सो समितिको काम, कर्तव्य र अधिकार समेतको व्यवस्था गरिएको छ । साथै नेपालको संविधान २०७२ को अनुसूची ८ मा एकल अधिकारमा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नुपर्ने र अनुसूची ९ को साझा अधिकार अन्तर्गत स्थानीय तह, प्रदेश र संघीय सरकार मिलेर विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नुपर्ने उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरुलाई विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरु तोकिदिएको छ । यसका साथै नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्य गर्न विभिन्न अन्तर्राष्ट्रि महासन्धिहरुमा प्रतिवद्धता जनाइसकेको छ । यसै गरी नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना २०१८-२०३० तथा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan, NAP) २०१८ तयार गरी कार्यान्वयनमा ल्याइसकेको छ । त्यस्तै, विपद् जोखिम सम्बन्धी विषयलाई विद्यालय स्तरदेखि उच्च स्तरसम्मको शैक्षिक पाठ्यक्रममा समावेश गर्ने, विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्ने प्रणालीको विकास गरी सङ्कटउन्मुख समुदायको पहिचाह गरी ती समुदायको क्षमता अभिवृद्धि गर्ने, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबाट वार्षिक रुपमा निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने जस्ता नीतिहरु सहितको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ले तय गरी कार्यान्वयनमा ल्याएको छ ।

मधेश प्रदेशले विपद् व्यवस्थापन ऐन, २०७५ जारी गरेको छ । सो ऐनको दफा १६ ले जिल्ला विपद् व्यवस्थापन समित र दफा १७ ले स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ । तसर्थ, संघ तथा प्रदेशका नीतिगत व्यवस्थाहरुले स्थानीय स्तरमा विपद् व्यवस्थापन समिति गठन र परिचालन तथा स्थानीय स्तरमा आवश्यक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आवधिक योजना, रणनीतिक योजना, विपद् व्यवस्थापन कोष स्थापना र कोष सञ्चालन कार्यविधि आदि बनाई कार्यन्वयन गर्नसक्ने प्रशस्त आधारहरु प्रदान गरेको छ ।

## ३.४ बाढीबाट प्रभावित हुने समुदाय, जनसंख्याको विवरण

### हनुमाननगर कंकालिनी नगरपालिका
### बाढी तथा डुवानले प्रभावित क्षेत्र र जनसमुदाय सम्बन्धी लेखाजोखा

| वडा नं. | बाढी आउने नदी, खोला | प्रभावित हुने समुदायको नाम | जोखिममा पर्न सक्ने घरधुरी | जोखिममा पर्न सक्ने जनसंख्या | जोखिममा पर्न सक्ने वालवालिका | जोखिममा पर्न सक्ने विद्यालय | बालबालिकालाई विद्यालय जान आउँदा हुन सक्ने जोखिम | जोखिममा पर्न सक्ने जमिन | जोखिममा पर्न सक्ने खानेपानी संरचना | जोखिममा पर्न सक्ने व्यवसाय | जोखिममा पर्न सक्ने अन्य संरचनाहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महुली खोला | भलुवा टोल (खङ्ग, यादव र ठाकुर, साह, मण्डल) | २०० | १००० | ४०० | रा.प्रा.वि. भलुवा | डुब्न सक्ने | ५० विघा | ३५० चापाकल | पसल ( किराना), धानबारी, केरा खेती र अन्य व्यवसायहरु | मन्दिर |
| १ | महुली खोला | कंकालिनी टोल ( राजधोव, साह, पण्डित, पाहाडी, ब्राह्मण, माली, रजक, चमार, राम) | १०५ | ६०० | २०० | वि.पि. मा.वि. | अवरोध, डुब्न सक्ने | १५० विघा | १०० वटा चापाकल | होटल, किराना पसल, मिष्ठान्न भण्डार | ई.प्र. कार्यालय सशस्त्र वेश क्याम्प, मन्दिर, अन्य निजी स्कूल, हुलाक, गुदरी हाट |
| १ साविक भारदह, ५ र ६ | महुली खोला | सदा, राजधोव, मुखिया, चमार (मिठ टोल) | २५० | १२०० | ३५० | आधारभूत.प्र.वि. हिडबार बाबा | डुब्न सक्ने | २५० विघा ऐलानी | १३० चापाकल | पसल | मस्जिद, मन्दिर (दिवा भद्री, काभ्रग्राम, राम बाबा मन्दिर |
| २ | माहुली नदी | सा.वि. वडा नं. ९ | ५० | २०० | ६० | नभएको | बाढीले बगाउने । | १० विघा | चापाकलहरु बाढी डुबानमा पर्ने | पसलहरु | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सप्तकोशी नदी | सा. ७ र ८ | १०० | ५०० | ६० | नभएको | | ३० विघा | | | |
| ३ | महुली खोला | मुसहर, राम, खँग र यादव | ३०० | ७०० | १५० | २ वटा | उच्च जोखिममा रहने | ३०० विघा | १ वटा | पशुपालक, मत्स्यपालक, कृषिबाली | पुल, मन्दिर, घर, भवन |
| ४ | महुली नदी, खोला | अर्जी, मधवापुर, गंगापुर ( राम, यादव, मण्डल, डोम, बातर) | २१ घरधुरी जोखिममा पर्ने | १५७ जना | ३१ जना | नभएको | २५ जना विद्यालय जान नसक्ने अवस्था आउने । | ३५ विघा | १० वटा चापाकल | नभएको | घरहरु |
| ५ | सप्तकोशी | यादव | २५ | ७५ | ५० | १ वटा | ५० | ५० विघा | २५ वटा चापाकल | १० वटा व्यवसायहरु | २ वटा |
| ५ | महुली नदी | साहु, तेली, मण्डल, महतो, मुस्लिम | १३० | ५७६ | २४१ | ४ वटा | १२५ बालबालिका प्रभावित हुने | ८७ विघा | १३० चापाकलहरु | ६६ वटा व्यवसायहरु | ८ वटा |
| ५ | महुली नदी | पहाडी बस्ती र खत्वे बस्ती | ६० | २५६ | ९८ | २ वटा | ४० बालबालिका प्रभावित हुने | १५ विघा | ६० वटा चापाकल | १५ व्यवसायहरु | २ वटा |
| ६ | महुली खोला | अडाफ्टी, डगराह, कदमहा, बलुवाही, मरर टोल, मुस्लिम टोल | १००० | ५००० | १२०० | मदर्सा सहित ४ वटा | जोखिमपूर्ण आवत जावत हुने | १५० विघा | छैन | खेती र विभिन्न फार्महरु | घर, विद्यालय, सामुदायिक भवन तथा अन्य संरचनाहरु |
| ६ | कोशी नदी | डुमरहा, बलुवहा, मरर टोल, मुस्लिम टोल, कदमहा | ९०० | ३००० | ८०० | मदरसा सहित ४ वटा | | १५० विघा | छैन | खेती र विभिन्न फार्महरु | घर, विद्यालय, सामुदायिक भवन तथा अन्य संरचनाहरु |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | जीता खोला | अन्दीपटी, कदमहा | २०० | ९०० | १०० | १ वटा | जीता नदी तथा नहरमा डुब्ने उच्च जोखिम | ५० विघा | छैन | खेती र विभिन्न फार्महरु | घर, विद्यालय, सामुदायिक भवन तथा अन्य संरचनाहरु |
| ७ | पूर्व साइट कोशी र पश्चिम माहुली खोला | मुसहर, मलाह, मण्डल, सखरिया, दास, रजक, ब्राह्मन, ठाकुर, कोरी, यादव, बरही, डोम, विभिन्न जातिहरु | ४०० घरधुरी | १२०० | १०५० | ३ वटा | बाढीको पानी जम्ने, नियमित पढाई छुट्ने, | ४० विघा | ४०० चापाकल | ३० किराना पसल, औषधी पसल र अन्य व्यवसाय | स्वास्थ्य चौकी |
| ७ | सप्तकोशी | बेन्हा, मण्डल | १०० | ४०० | १५० | बेन्हा स्कुल | बाढीले बगाउन सक्ने | बेक्षक जमिन | नभएको । | कुखुरा फर्म | |
| ७ | महुली नदी | जोगनीया टोल, यादव | ३०० | ८०० | २७० | जोगनीया स्कुल | कक्षा सञ्चालन गर्न नसकिने | जमुवा ठोगका जमिन | नभएको | पोखरी | |
| ७ | माहुली नदी | मलाहा, धोबी, साफी, साह | २२० | ४५० | २०० | | | साफी बालुवाको जमिन | | पोखरी, किराना पसल, स्कूल, हस्पिटल | |
| ८ | सप्तकोशी नदी | बेन्हा, मण्डल | १०० | ४०० | १५० | बेन्हा स्कूल | | सबै जमिन | | कुखुरा फर्म | |
| ८ | महुली नदी | यादव ( जोगनिया) | ३०० | ८०० | २४० | बेन्हा स्कूल | | | | पोखरी | |
| ८ | मोहनी नदी | मलाहा, | २२० | ४५० | १४० | जोगनीया स्कूल | | | | किराना | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नदी | टापु | | | | पुरै कटानमा पर्ने) | | जमिन जोखिममा पर्ने | चापाकलहरु बाढीको पानीले प्रदुषित हुने | तथा खेतीपाती | सामुदायिक भवन, विद्युतीय संरचना, डिहबार थान, दिनाराम भद्रीको मन्दिर |
| १४ | कोशी, माहुली, तिलजुगा, चोरा नदी | यादव, साह, खत्वे, मलाह | ३०० | १००० | ४०० | ४ वटा | डुब्ने समस्या | १०० विघा | ३०० वटा चापाकल | १०० वटा | ५ वटा |
| जम्मा | | | ७,२०२ | २८,४०९ | ७,७९० | ३८ वटा | | | २४५६ वटा | | |

**४. विषयगत क्षेत्रहरुको पूर्वतयारी तथा प्रतिकार्य योजना (अनुमानित बजेट सहित)**
**बाढी तथा डुवानबाट क्षति कम गर्न र प्रभावकारी खोज तथा उद्धार गर्न पालिकाले तत्कालै गर्न सकिने कार्यहरुको योजना**

**१.**
**विषयगत क्षेत्र (क्लष्टर) को नाम** : संरक्षण विषयगत क्षेत्र
**नेतृत्वदायी निकाय (महाशाखा, शाखा) :** महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा
**मुख्य सम्पर्क व्यक्तिको नाम** : सरिता कुमारी साह **पद :** स.प्र. **सम्पर्क फोन नं. :** ९८४४१०४२६२
**सहनेतृत्वदायी निकाय (सहयोग गर्ने संघसंस्था) :**

| क्र.स | पूर्वतयारी योजना | अनुमानित रकम | समय अवधी | प्रतिकार्य योजना | अनुमानित रकम | समय अवधी |
|---|---|---|---|---|---|---|
| १. | बाढीबाट प्रभावित महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएकाहरुको तथ्यांक संकलन | ५ लाख | ३ महिना | बालबालिका, महिला र अपांगता भएकाहरु विरुद्धका हिंसा र शोषणलाई तत्काल सम्बोधन | ५ लाख | तत्काल |
| २. | बाढीपछिको विपद्को अवस्थामा महिला, बालबालिका हिंसा र दुरुपयोग सम्बन्धी चेतना अभिवृद्धि | ५ लाख | ६ महिना | पीडित प्रभावितहरुका लागि मनोसामाजिक सहयोग प्रदान | ३ लाख | बाढी आएको १५ दिन भित्रमा |
| ३. | महिला (सुत्केरी र गर्भवती), अपांगता भएका, | १० लाख | १ वर्ष | संरक्षण र सचेतना वृद्धिका लागि निगरानी | १० लाख | ३० दिन भित्रमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जेष्ठ नागरिक, किशोरीहरुका लागि आत्मसम्मान सामग्री खरिद र भण्डारण | | | समूहहरुको परिचालन | | |
| ४. | महिला तथा बालबालिकामैत्री स्थल निर्माण सामग्रीहरु खरिद र भण्डारण | २० लाख | बैशाखभित्र | बालक्लब र स्वास्थ्य स्वयम् सेविकाहरुको परिचालन | | ३० दिनभित्रमा |
| ५. | लैगिंक हिंसा निगरानीकर्ताहरुका लागि क्षमता विकास तालिम | १० लाख | जेष्ठ | आत्मसम्मान सामग्री सहित अन्य राहतका सामग्री वितरण | १ लाख | तत्काल |

२.

**विषयगत क्षेत्र (क्लष्टर) को नाम** : स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

**नेतृत्वदायी निकाय (महाशाखा, शाखा)** : स्वास्थ्य शाखा

**मुख्य सम्पर्क व्यक्तिको नाम** : रामप्रमोद महतो **पद** : सि.अ.हे.ब **सम्पर्क फोन नं.** : ९८४४०२०२८४

**सहनेतृत्वदायी निकाय (सहयोग गर्ने संघसंस्था)** : .......................... ............

| क्र.स | पूर्वतयारी योजना | अनुमानित रकम | समय अवधी | प्रतिकार्य योजना | अनुमानित रकम | समय अवधी |
|---|---|---|---|---|---|---|
| १. | प्राथमिक उपचार सामग्री खरिद र भण्डारण | ९ लाख | जेष्ठ | प्राथमिक उपचार किटहरु वितरण | ५० हजार | तत्काल |
| २. | प्राथमिक उपचार सम्बन्धी स्वयम् सेवकहरुका लागि तालिम | १० लाख | बैशाख | पीडित प्रभावित क्षेत्रमा प्राथमिक उपचारका लागि स्वयम् सेवकहरुको परिचालन | ५ लाख | तत्काल |
| ३. | स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक गर्ने | | नियमित | स्वास्थ्य शिविर सञ्चालन | ५ लाख | तत्काल |
| ४. | नयाँ अक्सिजन सिलिण्डरहरुको खरिद तथा पुराना सिलिण्डरहरुमा अक्सिजन रिफिलिङ्ग | १० लाख | बैशाख | स्वास्थ्य सेवा सम्बन्धी सञ्चार माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने । | ५० हजार | बाढी आएको १५ दिन भित्रमा |
| ५. | शिविर सञ्चालनका लागि आवश्यक पर्ने सामाग्रीहरु (औषधी, उपकरण–मास्क, पंजा, स्यानीटाइजर, सावुन आदिको भण्डारण) र दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने | ५ लाख | बैशाख | मनोसामाजिक सेवा प्रदायकहरुको परिचालन | १ लाख ५० हजार | १५ दिन भित्रमा |
| ६. | स्वास्थ्य सेवा सम्वन्धी सूचना प्रवाह गर्न संचार निकाय संग समन्वय गर्ने | ५० हजार | जेष्ठ | मनोसामाजिक सेवा सम्वन्धि स्थानीय भाषामा एफ.एम, टेलिभिजनबाट सुचना संप्रेषण गर्ने | १ लाख | तत्काल |
| ७. | मनोसामाजिक परामर्शदाता तयार गर्ने | २ लाख | बैशाख | | | |

३.

**विषयगत क्षेत्र (क्लष्टर) को नाम** : शिक्षा विषयगत क्षेत्र

**नेतृत्वदायी निकाय (महाशाखा, शाखा)** : युवा, खेलकुद तथा शिक्षा शाखा

**मुख्य सम्पर्क व्यक्तिको नाम** : अमरनाथ साप्री **पद** : शिक्षा संयोजक **सम्पर्क फोन नं.** : ९८६१५६५८४२

**सहनेतृत्वदायी निकाय (सहयोग गर्ने संघसंस्था)** : लाइफ नेपाल, जनकपुर

| क्र.स | पूर्वतयारी योजना | अनुमानित रकम | समय अवधी | प्रतिकार्य योजना | अनुमानित रकम | समय अवधी |
|---|---|---|---|---|---|---|
| १. | विद्यार्थीहरुलाई पौडी सम्बन्धी तालिम | १ लाख | बैशाख | प्राथमिक उपचारका लागि स्वयम् सेवकहरुको परिचालन | २ लाख | तत्काल |
| २. | विद्यार्थीहरुलाई प्राथमिक उपचार र सिडिआर सम्बन्धी तालिम | | | सामाजिक सञ्जाल, सञ्चार माध्यमहरुबाट विपद्मा शिक्षा सम्बन्धी सूचनाहरु प्रकाशन र प्रसारण | १ लाख | |
| ३. | सामाजिक सञ्जाल, सञ्चार माध्यमहरुबाट प्रवाह गरिने विपद्मा शिक्षा सम्बन्धी सूचनाहरु तयारी र उत्पादन | ५० हजार | बैशाख | अस्थायी सिकाई केन्द्रहरुको स्थापना र सञ्चालन | ५ लाख | १५ दिनभित्रमा |
| ४. | अस्थायी सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी शिक्षकहरुलाई तालिम | ५ लाख | चैत्रभित्रमा | आवश्यकता अनुसार वैकल्पिक कक्षाहरु सञ्चालन | ५ लाख | १५ दिन भित्रमा |
| ५. | अस्थाई सिकाई केन्द्र स्थापनाका लागि आवश्यक सामग्रीहरुको भण्डारण | १० लाख | चैत्र | | | |
| ६. | अस्थायी सिकाई केन्द्रहरु निर्माण गर्न सकिने स्थानहरुको पहिचान र छनौट | | | | | |
| ७. | बैकल्पिक कक्षाहरु (अनलाइन, घुम्ती, अस्थायी सिकाई केन्द्र) कसरी सञ्चालन गर्ने सम्बन्धी शिक्षकहरुलाई तथा वैकल्पिक कक्षाहरुमा कसरी सहभागी हुने भन्ने विषयमा विद्यार्थीहरुलाई अभिमुखीकरण कार्यक्रम गर्ने | १० लाख | चैत्र मशान्तभित्रमा | | | |

४.

**विषयगत क्षेत्र (क्लष्टर) को नाम :** खोज तथा उद्धार विषयगत क्षेत्र

**नेतृत्वदायी निकाय (महाशाखा, शाखा) :** सुरक्षा निकाय

**मुख्य सम्पर्क व्यक्तिको नाम :** राम नरेश कुश्वाहा **पद :** प्र.स. नि. **सम्पर्क फोन नं. :** ९८४५६५०८७०

**सहनेतृत्वदायी निकाय (सहयोग गर्ने संघसंस्था) :** रेडक्रस, अन्य गैसस

| क्र.स | पूर्वतयारी योजना | अनुमानित रकम | समय अवधी | प्रतिकार्य योजना | अनुमानित रकम | समय अवधी |
|---|---|---|---|---|---|---|
| १. | खोज तथा उद्धार जनशक्ति तयारी अवस्थामा राख्ने (सुरक्षा निकाय र समुदायका तालिम प्राप्त स्वयंसेवक) र जिम्मेबार वांडफांड गर्ने । | १५ हजार | बैशाख | खोज तथा उद्धार जनशक्तिलाई तत्काल प्रभावित क्षेत्रमा परिचालन | १ लाख | तत्काल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | सुरक्षा निकाय र अन्य सरोकारवालासंग नियमित बैठक आयोजना । | ५० हजार | जेष्ठ | शवहरुको व्यवस्थापन | १ लाख | तत्काल |
| ३. | खोज तथा उद्धार सम्बन्धी तालिम सञ्चालन । | १ लाख | चैत्र | हेलीमार्फत खोज उद्धार कार्य सञ्चालन तथा राहत सामग्रीहरु वितरण | ५ लाख | तत्काल |
| ४. | हेली अवतरण गर्न सक्ने स्थानहरु पहिचान गर्ने, हेलीप्याड निर्माण गर्ने र हेली सेवा दिने कम्पनीहरुसँग संझौता गन | २० लाख | बैशाख | | | |
| ५. | एम्वुलेन्सको व्यवस्थापन गर्ने र सवारी चालकहरु तयारी अवस्थामा राख्ने | | जेष्ठ | | | |
| ६. | शव व्यवस्थापन सम्बन्धी तालिम दिने तथा तालिम प्राप्त व्यक्तिहरुलाई तयारी अवस्थामा राख्ने । | २ लाख | जेष्ठ | | | |

५.

**विषयगत क्षेत्र (क्लष्टर) को नाम :** खाद्य सुरक्षा विषयगत क्षेत्र

**नेतृत्वदायी निकाय (महाशाखा, शाखा) :** पशुसेवा शाखा, कृषि शाखा

**मुख्य सम्पर्क व्यक्तिको नाम :** विनय कुमार ठाकुर **पद :** ना.प.स्वा.मा. **सम्पर्क फोन नं. :** ९८४४०३७५२२, ९८०७८७०४३७

**सहनेतृत्वदायी निकाय (सहयोग गर्ने संघसंस्था) :**

| क्र.स | पूर्वतयारी योजना | अनुमानित रकम | समय अवधी | प्रतिकार्य योजना | अनुमानित रकम | समय अवधी |
|---|---|---|---|---|---|---|
| १. | खाद्यान्न तथा गैर खाद्यान्न आपूर्तीकर्तासँग पहिले नै संझौता गरी राख्ने । | | बैशाख | सम्झौता अनुसार खाद्यान्न तथा गैर खाद्यान्न वस्तुहरुको आपूर्ति गर्ने । | ५० हजार | |
| २. | उमेर, लिंग अुनसार आवश्यक पर्ने लत्ताकपडा, ओढने ओछ्याउने व्यवस्था मिलाउने (सारी, धोती, वेवी व्ल्यान्केट, टोपी, आदि) | ५ लाख | बैशाख | प्रभावितहरुकोलागि गैर खाद्य सामाग्रीहरु वितरण गर्ने । | ५० हजार | |
| ३. | प्रभावितहरुको लागि तयारी खानेकुराहरु (चाउचाउ, विस्कुट, चिउरा, भुजा, दालमोठ) भण्डारण गर्ने । | ५ लाख | जेष्ठ | प्रभावितहरुको लागि खाद्यान्न वितरण गर्ने । | ५० हजार | |
| ४. | गर्भवती, सुत्केरी तथा बालबालिकालाई वितरण गरिने पौष्टिक तत्वहरु तथा नगद तयारी अवस्थामा राख्ने | १० लाख | बैशाख | पौष्टिक तत्वहरु साथै नगद वितरण गर्ने | ५० हजार | |
| ५. | प्रभावित हुन सक्ने जोखिम वर्गहरु पहिचान गरी बैंकसँगको पहुँच अभिवृध्दि गर्ने र उनीहरुको खातामा नगद हस्तान्तरण गर्न तयारी अवस्थामा राख्ने । | | जेष्ठ | प्रभावितहरुको लागि बैंक खातामार्फत नगद वितरण गर्ने | ५० हजार | |

## ५. हनुमान नगर कंकालिनी नगरपालिकामा भएका श्रोत सामग्रीहरु

| क्र.स. | सामाग्रीको नाम | संख्या/परिमाण | रहेको स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | रवर ट्युव | | | |
| २. | रिलिफिंग बोर्ट (८ सीट क्षमताको, पेडलवाला) | १ थान | नगरपालिका | |
| ३. | स्याटलाइट फोन | ५ सेट | नगरपालिका | |
| ४. | लाइफ ज्याकेट | ४८ थान | नगरपालिका | |
| ५. | स्ट्रेचर | १ थान | नगरपालिका | |
| ६. | बाल्टी (१५ लि.) | ५ थान | नगरपालिका | |
| ७. | कुर्सी | १ थान | नगरपालिका | |
| ८. | लिड टिभी | १ थान | नगरपालिका | |
| ९. | त्रिपाल | ५ थान | नगरपालिका | |
| १०. | टेबल | १ थान | नगरपालिका | |
| ११. | थ्रो ब्याग | १ थान | नगरपालिका | |
| १२. | साबन | १ दर्जन | नगरपालिका | |
| १३. | प्राथमिक उपचार सामग्री | १ सेट | नगरपालिका | |
| १४. | माइकिंग | १ सेट | नगरपालिका | |
| १५. | साइरन (मेनुअल) | १ थान | नगरपालिका | |
| १६. | जग | ३ वटा | नगरपालिका | |
| १७. | गम्बुट | ५ जोडी | नगरपालिका | |
| १८. | रेनकोट | ३ थान | नगरपालिका | |
| १९. | टर्चलाईट तथा हेडलाईट | | | |
| २०. | सिठ्ठी | | | |

हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश नेपाल
२०७३

६. हनुमान नगर कंकालिनी नगरपालिकामा विद्यमान बाढीसँग सम्बन्धित सरोकारवालाहरुको विवरण

**नगरपालिकामा विद्यमान बाढीसँग सम्बन्धित सरोकारवालाहरुको विवरण**

| क्र. स. | संस्थाको नाम | सम्पर्क व्यक्ति | पद | सर्म्पक नम्वर | प्राप्त हुन सक्ने सहयोग |
|---|---|---|---|---|---|
| १. | जिल्ला विपद् व्यवस्थापन समिति | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | नेपाल प्रहरी | | | | |
| ३. | सशस्त्र प्रहरी | | | | |
| ४. | नेपाल रेडक्रस सोसाइटी | | | | |
| ५. | जेसीस क्लब | | | | |
| ६. | लाइफ नेपाल | | | | |
| ७. | सेभ द चिल्ड्रेन | | | | |
| ८. | आसमान नेपाल | | | | |
| ९. | सप्तरी सामुदायिक विकास केन्द्र, राजविराज | | | | |
| १०. | एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, राजविराट | | | | |
| ११. | ओरेक नेपाल | | | | |
| १२. | केभिएस, सप्तरी | | | | |

७. **अनुसूची**

७.१ पालिकामा तालिम प्राप्त दक्ष जनशक्तिहरुको विवरण

**क. बाढीजन्य विपद्मा काम गर्ने व्यक्तिहरुको नामावली (डुङ्गा चलाउने तालिम प्राप्त व्यक्तिहरु)**

| | | |
|---|---|---|
| • गंगा प्रसाद मण्डल | • वौआलाल मुखियाँ | • राजकिशोर मुखियाँ |
| • नेमन माझी | • रवी मेहता | • मोहन मेहता |
| • वासुदेव मुखियाँ | • बेचन माझी | • फुदाई राम |
| • राजाराम महतो | • अंग्रेजी गाईम | • फागु गाईम |
| • रधु पैकरा | • टिरालाल ईशर | • पन्नालाल मलाह |

**ख. द्रुत प्रतिकार्य समूहहरुको नामावली**

**१. हनुमाननगर स्वास्थ्य चौकी**

- श्री प्रमोद कुमार मण्डल प्रमुख १ जना
- श्री राजेश कुमार यादव सि.अहेब १ जना
- श्री शिव प्रसाद कामत अहेब १ जना

**२. इनर्वा स्वास्थ्य चौकी**

- श्री महेन्द्र प्रसाद राउत प्रमुख १ जना
- श्री भीम प्रसाद ताजपुरिया अहेब १ जना
- श्री हिमाल देव अनमी १ जना

**३. योगिनियाँ २, स्वास्थ्य चौकी**

- श्री कृष्ण कुमार यादव सि. अहेब अ
- श्री सूर्य नारायण यादव सि. अहेब
- श्री अनिल बरबरिया

**४. योगिनियाँ १ स्वास्थ्य चौकी**

- श्री धिरेन्द्र कुमार मण्डल सि. अहेब
- श्री अन्जु मण्डल अहेब
- श्री उमेश प्रसाद दास सि. अहेब

**५. मधवापुर स्वास्थ्य चौकी**

- श्री योगेन्द्र प्रसाद काडगिया सि. अहेब अ
- श्री योगेश मण्डल ज. स्वा.नि.
- श्री उपेन्द्र प्रसाद यादव सि. अहेब

**६. पोर्ताह स्वास्थ्य चौकी**

- श्री उपेन्द्र प्रसाद साह सि. अहेब अ
- श्री आरती घिमिरे ज.स्वा.नि.
- श्री शम्भु प्रसाद मण्डल अहेब

**७. रामपुरा मल्हनियाँ स्वास्थ्य चौकी**

- श्री बद्री शर्मा सि. अहेबअ
- श्री दिनेश कुमार मण्डल सि.अहेब
- श्री शम्भुनाथ यादव सि. अहेब

**८. गोबरगाढा स्वास्थ्य चौक**

- श्री विक्रम प्रसाद मण्डल ज.स्वा.नि.
- श्री चन्दमान क्षेत्री सि. अहेब
- श्री सन्तोष कुमार साह अहेब

**९. भारदह अस्पताल**

- श्री धर्मेन्द्र कुमार खड्ग ज.स्वा.नि.
- श्री रामचरित्र साह सि. अहेब
- श्री सम्झना तिमिलसिना हे.अ.

नगर कार्यपालिकाको कार्यालय हनुमाननगर, सप्तरी मधेश प्रदेश, नेपाल २०७३